नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:- ०८३।०८४

चलानी नं.:- १०६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

विषयः (NOC) सेवा प्रवाह र शैक्षिक परामर्श संस्थाहरू (Consultancy) का सम्बन्धमा अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०८/०८

यस शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको वैदेशिक अध्ययन अनुमति पत्र No Objections Certificate(NOC) शाखाबाट NOC लागि आवेदन गर्ने प्रक्रियालाई पूर्णतः अनलाइन तथा डिजिटल माध्यमबाट सरल र सहज बनाइएको व्यहोरा सबैमा सर्वविदितै छ। साथै NOC प्राप्त गर्ने प्रक्रियालाई पनि पूर्णतः अनलाइन तथा डिजिटल माध्यमबाट बनाउन मन्त्रालय तथा NOC शाखा निरन्तर प्रयत्नशील छ।

NOC आवेदन गर्ने तथा प्राप्त गर्ने प्रक्रियाका सन्दर्भमा हालैका दिनहरूमा केही शैक्षिक परामर्श (Consutancy) संस्थाहरूले NOC प्राप्त गर्न अनिवार्य रूपमा सबै सेवाग्राही आफैं कार्यालयमै उपस्थित हुनुपर्ने वा आवेदन प्रक्रियाको गलत सूचना तथा जानकारी प्रवाह गरी सेवाग्राहीहरूलाई अनावश्यक रूपमा कार्यालय पठाउने गरेको र यसबाट भ्रम तथा अनियमितता बढेको भनी विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूबाट गुनासो तथा उजुरी प्राप्त भएकोमा यस मन्त्रालय तथा NOC शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

अतः सम्पूर्ण सेवाग्राही, शैक्षिक परामर्श व्यवसायी तथा सरोकारवालाहरूले तपसिलमा उल्लेख भए बमोजिम गर्नु गराउन हुन अनुरोध छ।

१. यस शाखाबाट प्राप्त हुने सेवा

सेवा / प्रक्रिया	पूर्ण अनलाइन प्राप्त हुने सेवा	भौतिक रूपमा उपस्थित हुनुपर्ने सेवा
NOC आवेदन गर्ने	पूर्ण अनलाइन	भौतिक उपस्थित हुनु नपर्ने
Subject request	पूर्ण अनलाइन	भौतिक उपस्थित हुनु नपर्ने
College / Hotel listing	पूर्ण अनलाइन	भौतिक उपस्थित हुनु नपर्ने
NOC verified	पूर्ण अनलाइन	भौतिक उपस्थित हुनु नपर्ने
NOC approve	नागरिकता (DOB) verified र पढेको शैक्षिक योग्यताको विवरण central information management system मा एक आपसमा मेल खाएमा अनलाइनमा नै approve हुने ।	नागरिकता (DOB) verified र शैक्षिक योग्यताको विवरण central information management system मा मेल नखाएमा विद्यार्थी NOC approve गर्न विद्यार्थी स्वयम् वा एकाघरको नाता खुल्ने व्यक्ति शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकताको सक्कल लिएर NOC अफिसमा भौतिक रूपमा उपस्थित हुनु पर्ने ।
NOC collection	पूर्ण अनलाइन	भौतिक उपस्थित हुनु नपर्ने

उपसचिव

फोन नं.:
वेबसाइट :

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:- ०८३।०८४

चलानी नं.:- ९०६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

२. भ्रामक विज्ञापन र प्रचारमा रोकः कुनै पनि शैक्षिक परामर्श संस्थाले NOC का नाममा गलत सूचना प्रवाह गर्ने, सेवाग्राहीलाई भ्रममा पार्ने वा अनावश्यक भौतिक रूपमा कार्यालय पठाउने जस्ता गैरकानूनी र भ्रामक अभ्यास तत्काल रोक्न सचेत गराइन्छ।

३. कडा निगरानी र कारबाहीः गलत सूचना फैलाएर अनुचित लाभ लिन खोज्ने वा अनियमितता गर्ने संस्थाहरूमाथि कडा नियामक अनुगमन र कानूनी कारबाही अगाडि बढाइनेछ।

नोट :- NOC सम्बन्धी आधिकारिक जानकारीका लागि यस मन्त्रालय/कार्यालयको आधिकारिक वेवसाइट https://NOC.moest.gov.np/ तथा NOC पोर्टलमा राखिएको User Manual https://NOCbackend.moest.gov.np/user-manual/NOC हेर्न हुन तथा सम्पर्क नम्बर - ०१-६६३५४१९, ईमेल ठेगाना - NOC@moest.gov.np मा सम्पर्क गर्नु हुन अनुरोध छ।

.....

(उद्धव प्रसाद श्रेष्ठ)
उपसचिव

उपसचिव

नोट

एनओसी (NOC) घरबाट प्राप्त गर्ने तरिका

- नागरिकताको विवरण सहि (नागरिकतामा जस्तो छ त्यस्तै) हाल्ने।
- जारी गर्ने जिल्ला र जन्म मिति (Date of Birth) सहि हाल्ने।
- Citizen Information Management System मा match भयो भने CIMS मा जान्छ।
- NOC apply गर्दा +२ अथवा University (नेपालमा पढेको) नाम छनोट गरी रजिस्ट्रेसन नम्बर र जन्म मिति हालेर Show Result मा क्लिक गर्ने र NOC apply गर्ने।
- नागरिकता र +२ वा University (नेपालमा पढेको) शैक्षिक योग्यता अनलाइनमा Verify भएमा घरबाट NOC प्राप्त हुन्छ।

यदि माथि उल्लेख भएका प्रक्रिया हुन नसकेमा सक्कल नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्र लिएर एनओसी अफिसमा आउनुपर्छ।